जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ११० २०८० साल मंसिर १२ गते मंगलबार (28 Nov. 2023 Tuesday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मनोचिकित्सक नभएका १४... ३ पृष्ठमा : 'चुरे संरक्षणविना जलस्रोत र विपद् ... ३ पृष्ठमा बङ्गलादेशमा 'हिंसात्मक'...

# प्रतिष्ठानको काम अघि बढाउन माँग गर्दै प्रर्दशन




**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अघि बढाउन माग गर्दै सोमवार राजविराजमा प्रर्दशन गरिएको छ ।

सप्तरी युथ नेपालद्वारा गठित आन्दोलन समितीको अगुवाईमा प्रतिष्ठानको काम अविलम्ब सुचारु गर्न माग गर्दै प्रर्दशन गरिएको हो ।

आन्दोलन परिचालन समितीका संयोजक सत्येन्द्र यादवले घोषित आन्दोलनका कार्यक्रम अनुसार १२ मंसिरमा सिठ्ठी जुलुस, १३ मंसिरमा दिउसै टर्च बालेर नेता/साँसदको खोजी, १४ मंसिरमा जिल्ला प्रशासन कार्यालयमा १ घण्टा धर्ना र १५ मंसिरमा जिल्ला प्रशासन कार्यालयमा २ घण्टा धर्ना दिने कार्यक्रम तय भएको छ ।

सात दिने आन्दोलनबाट पनि माग सुनवाइ नभए अर्को बैठक वसी आन्दोलनका थप शसक्त कार्यक्रमहरु घोषणा गरी अघि बढ्ने संयोजक यादवको भनाइ छ ।

यता पाँच वर्ष भित्र निर्माण सक्ने लक्ष्यका साथ अढाई वर्ष अघि शिलान्यास गरि अलपत्र अवस्थामा छाडिएको भन्दै प्रतिष्ठानको प्रस्तावित निर्माणस्थलमा स्थानीयहरुले संघर्ष समिती नै गठन गरी विगत ४५ दिन देखी रिले अनशनमा वसेका छन् । तर सरकारले कुनै चासो नदेखाएको भन्दै थप दवाब दिन सप्तरी युथ नेपालले पनि आन्दोलन समिती गठन गरी आन्दोलनको कार्यक्रमभ अघि बढाएका हुन् ।

शिलान्यास भएको २५ महिना वितिसक्दा पनि सुरु हुन नसकेको प्रतिष्ठानको निर्माण कार्यलाई यथासिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पुर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्त गर्नु पर्ने, प्रतिष्ठान निर्माणका लागी आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्ने लगायतका ५ बुँदे मागँ अघि सार्दै गत असोज २६ देखी रिले अनशन सुरु भएको होष्वि ।

संर्घष समितीका संयोजक राम कुमार दासको नेतृत्वमा ४५ औं दिन सोमबार पनि २४ घण्टे रिले अनशनलाई निरन्तरता दिइएको छ । उनले आफूहरुको माग सम्बोधन नभएसम्म रिले अनशन जारि रहने बताएका छन् ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ । कुल ११ अर्ब ९८ करोड रुँपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

# एक थान पेस्तोल र दुई राउण्ड गोली बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ११ मंसिर ।**

शसस्त्र प्रहरीको टोलीले भारतीय सिमासँग जोडिएको सप्तरीको बलान विहुल गाउँपालिका क्षेत्रबाट एक थान कट्टुवा पेस्तोल र दुई राउण्ड गोली बरामद गरेको छ ।

सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट वेल्हीबाट खटेको पैदल गस्ती टोलीले आइतवार राती वडा नं. ४ स्थित वेल्ही सडक खण्डबाट कट्टुवा पेस्तोल र गोली बरामद गरेको हो ।

प्रहरी गस्ती टोलीलाई देखेपछि नम्बर नखुलेको मोटरसाईकलमा सवार दुई जनाले कपडाको पोका फालेर भारत तर्फ भागेको प्रहरीको भनाई छ ।

उक्त कपडाको पोका खोली चेक गर्दा एक थान पेस्तोल र दुई

*बाँकी अन्तिम पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# 'कमला बचाउ अभियान'लाई केन्द्रले सुन्नुपर्छ : लामिछाने

सिरहा, ११ मङ्सिर (रासस) ।

पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सिरहा र धनुषाको सिमाना भएर बग्ने कमला नदीको संरक्षणका लागि थालिएको अभियानलाई केन्द्र सरकारले सुन्नुपर्ने बताउनुभएको छ ।

पूर्वपश्चिम हुलाकी लोकमार्गअन्तर्गत कमला नदी किनारमा सोमबार कमला जलाधार संरक्षण अभियानद्वारा 'कमला

*बाँकी तीन पृष्ठमा*

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँकहीं हुन सक्दछ।
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक प्रोत्साहित हुन सक्छ र थप घटना हुन सक्दछन्।
- पीडकलाई समयमा नै कानूनी दायरामा ल्याउन सके महिला हिंसाका घटनामा कमी आउन सक्छ।
- त्यसैले नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी भनी कुनैपनि पीडकलाई उम्कन नदिऔं।

पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### प्रलोभनमा नपरौं

मुलुकबाट युवाहरु विदेशीने क्रम घट्न सकेको छैन् । कतिपय युवाहरु विभिन्न प्रलोभनमा परि विदेशिने गर्छन् । उनीहरुलाई प्रलोभनमा पारी बर्गल्याउने काम भइरहेको छ । यूवाहरुलाई विकासको कार्यमा सहभागिता जनाउनुपर्नेमा उनीहरुलाई बर्गल्याउने कामप्रति सचेत हुनु आवश्यक छ । उनीहरुको क्षमतालाई विकास गर्न मुलुकमै रोजगारीको अवसर सृजना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

आफ्नै गाउँको विकासमा युवाहरुले स्थानीय निकायसँग समन्वयकारी भूमिका निर्वाह गरी विकासको कार्यमा सहभागिता जनाउनुपर्ने जरुरी छ । युवाहरुले अगुवाई गर्नु वर्तमान अवस्थामा चुनौतिपूर्ण भएपनि उनीहरुले आफ्नो गाउँको सकारात्मक परिवर्तनको लागि दबाब समेत सृजना गर्न पछि पर्नुहुदैन् । यता स्थानीय विकासमा युवाहरुको सहभागिता बढाउने उद्देश्य नीजि तथा गैरसरकारी संस्थाहरु सक्रिय रहेको देखिन्छ । स्थानीय तहरुले पनि विकासका लागि विभिन्न योजनाहरु मार्फत उनीहरु प्रोत्साहन गर्न सक्नुपर्छ ।

तसर्थ आफ्नो गाउँको विकासका लागि आवश्यक योजनाहरु स्थानिय तहमार्फत पेश गरि प्रोत्साहन गर्न सम्बन्धीत निकायको ध्यान पुग्नु आवश्यक छ । अनिमात्र आफ्नो गामठामको विकास हुनेमा दुईमत नहोला ।

# मनोचिकित्सक नभएका १४ जिल्लामा मानसिक उपचार सेवा

काठमाडौं, ११ मङ्सिर (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच पुऱ्याउनका लागि १४ जिल्लामा मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गरेको छ ।

मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा सबैमा मानसिक स्वास्थ्य पुऱ्याउनका लागि मनोचिकित्सक नभएका प्रत्येक प्रदेशका दुई/दुई जिल्लामा मनोचिकित्सक पठाएर मानसिक स्वास्थ्य सेवा उपलब्ध गराएको हो ।

महाशाखाको नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा फणिन्द्रप्रसाद बरालले मनोचिकित्सक नपुगेको जिल्लामा मानसिक स्वास्थ्य सेवा पुऱ्याउनका लागि मनोचिकित्सक पठाएर उपचार सेवा सुरु गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार कोशी प्रदेशको पाँचथर र भोजपुर, मधेस प्रदेशमा महोत्तरी र रौतहट, बागमती प्रदेशको सिन्धुपाल्चोक र रसुवा, गण्डकी प्रदेशको लमजुङ र म्याग्दी, लुम्बिनीको बर्दिया र रुकुम पूर्व, कर्णालीको दैलेख र कालिकोट तथा सुदूरपश्चिम प्रदेशको बैतडी र बझाङ जिल्लामा मनोचिकित्सकसहितको टोली परिचालन गरिएको छ ।

"ती जिल्लामा अहिलेसम्म मनोचिकित्सक थिएनन् । ती जिल्लामा मानसिक रोगीले आफ्नै जिल्लामा उपचार सेवा पाउने छन्", उहाँले भन्नुभयो, "अब ती जिल्लाका मानसिक रोगी अन्य जिल्लामा जानुपरेन ।"

मनोचिकित्सकले त्यहाँ रहेका स्वास्थ्यकर्मीको सहयोगमा उपचार गर्ने छन् । शाखाले ती जिल्लामा रहेका स्वास्थ्यकर्मीलाई मानसिक स्वास्थ्यसम्बन्धी तालिम प्रदान गरेर त्यहाँ मानसिक रोगीको उपचार गरिरहेका छन् । "हामीले तालिम दिएका स्वास्थ्यकर्मीले पहिले त्यही रहेका मानसिक रोगीलाई उपचार गर्दछन्", उहाँले भन्नुभयो, "ती स्वास्थ्यकर्मीले रिफर गरेका बिरामीलाई केन्द्रबाट महिनामा एक पटक जाने चिकित्सकले थप उपचार गर्दछन् ।"

शाखाले पहिलो पटक नमूनाका रूपमा १४ जिल्ला छनौट गरे पनि पछि मनोचिकित्सक नभएका अरु जिल्लामा पनि सेवा विस्तार गर्ने उहाँले बताउनुभयो । मनोचिकित्सकले हरेक महिना ३० जना कडा खालका बिरामीको उपचार गरिरहेको डा बरालले बताउनुभयो । ती बिरामीले निःशुल्क औषधि पाउने छन् ।

राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण-२०२० मा गरिएको अध्ययनमा सय जनामध्ये १० जनामा कुनै न कुनै प्रकारका मानसिक समस्या रहेको तथ्य फेला परेको जनाइएको छ । विश्व स्वास्थ्य सङ्गठनको २०१८ को तथ्याङ्कअनुसार नेपालमा बहिरङ्ग विभागमा आएका बिरामीमध्ये पाँच प्रतिशत बिरामीमा मानसिक स्वास्थ्य समस्या रहेको जनाइएको छ ।

यस्तै नेपाल प्रहरीको प्रतिवेदनमा दैनिक १८/१९ जनाले मानसिक स्वास्थ्यका कारण आत्महत्या गर्ने गरेको जनाइएको छ ।

# सर्लाहीमा धान उत्पादन घट्यो

सर्लाही, ११ मङ्सिर (रासस) ।

आकासे वर्षा कम हुँदा सर्लाहीमा धान उत्पादनमा कमी आएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । समयमा पानी नपर्दा मलखाद, विषादी, पम्पसेट र कामदारमा लागेको लगानीका साथै मेहनत खेर गएको भन्दै किसान चिन्तित बनेका छन् ।

इस वर्ष कम वर्षा, रोग, कीराको सङ्क्रमणलगायत कारणले धान उत्पादन घटेको लालबन्दी नगरपालिका-३, जब्दीका किसान रुपलाल चौधरीले गुनासो गर्नुभयो । "गत वर्ष धेरैको पानसोना जातको धान राम्रो फलेको देखेर जब्दी फाँटका धेरैले यो वर्ष त्यही धान रोपेका थिए", उहाँले भन्नुभयो, "समयमा पानी नपर्नु, मलखादको अभावलगायत कारणले उत्पादन घटेको छ ।" यो वर्ष मेहनत र लगानीअनुसार धान उत्पादन हुन नसकेको चौधरीले बताउनुभयो ।

छ कट्ठामा लगाएको धान बालीमा सिँचाइका लागि मात्रै रु १० हजार खर्च भएको जनाउँदै लगानीअनुसार धान नफलेको किसान अनिरुद्र साहले बताउनुभयो । उहाँका अनुसार यो वर्ष आकाशे वर्षाले साथ नदिँदा धान राम्रो नफलेको हो । "छ कट्ठामा रु १० हजारको त पानी मात्रै लगाएँ तर लगानी बराबरको पनि धान फलेको छैन", उहाँले भन्नुभयो ।

पछिल्लो समय मलखाद र सिँचाइको अभावले खेती लगाउनै मुस्किल पर्न थालेको हरिपुर्वाका किसान राजगिरले बताउनुभयो । "जेजति कृषि उत्पादन गरेका छौँ, त्यो सबै किसानकै बलबुताबाट भएको हो", उहाँले भन्नुभयो । सरकारले बेलैमा मलखाद र सिँचाइको प्रबन्ध गरिदिए किसानलाई राहत मिल्ने किसानको भनाइ छ ।

जिल्लाका किसान अहिले धान भित्र्याउन व्यस्त छन् । प्रत्येक फाँटका किसान धान काट्ने, बोझा बाँध्ने र थ्रेसर लगाउने काममा व्यस्त छन् ।

जिल्लामा गत वर्ष एक लाख ६४ हजार एक सय ४५ मेट्रिकटन धान उत्पादन भएको थियो । गत वर्ष करिब पाँच मनसम्म धान उत्पादन भएको खेतमा यो वर्ष दुई मन मात्रै उत्पादन भएको किसानले बताएका छन् ।

कृषि ज्ञानकेन्द्र सर्लाहीका प्रमुख देवानन्द राय यादवले सिँचाइ सुविधा रहेको क्षेत्रमा धान उत्पादन राम्रै भए पनि आकाशे वर्षाका भरमा खेती हुने क्षेत्रमा उत्पादन घटेको बताउनुभयो । उहाँका अनुसार गत वर्षभन्दा धानखेती केही बढे पनि उत्पादन भने घटेको छ ।

"पानी लाग्ने क्षेत्रमा धानको उत्पादन राम्रै देखिन्छ तर आकाशे वर्षा कम हुँदा सिँचाइ सुविधा नभएको ठाउँमा उत्पादन घटेको छ", रायले भन्नुभयो, "केही क्षेत्रमा रोग, कीराको सङ्क्रमण पनि देखिएको छ ।" कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा करिब ४६ हजार पाँच सय हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ ।

आवश्यकता अनुसार आकाशे वर्षा नहुँदा अधिकांश किसानले यो वर्ष धान बालीमा दमकल अर्थात् पम्पसेट चलाएर पानी लगाएका थिए । दमकलबाट सिँचाइ गर्दा प्रतिघण्टा रु तीन सय तिर्नुपर्ने र एक कट्ठा खेतमा पानी पटाउन करिब दुई घण्टासम्म दमकल चलाउनुपर्ने किसानले बताएका छन् । धान रोप्दा तथा रोपिसकेपछि पनि बारम्बार दमकल चलाएर पानी पटाउँदा खर्च बढेको जिल्लाका किसानले गुनासो गरेका छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# ‘चुरे संरक्षणविना जलस्रोत र विपद् व्यवस्थापन कार्य अधुरा’

जनकपुरधाम, ११ मङ्सिर (रासस) ।

चुरे क्षेत्रको संरक्षणविना मधेस प्रदेशमा जलस्रोत व्यवस्थापन र विपद् प्रतिकार्यसम्बन्धी कार्य अधुरा रहने भन्दै सोहीअनुसार योजना तथा रणनीति बनाउन यहाँका सरोकारवालाले सम्बद्ध अधिकारीहरूको ध्यानाकर्षण गराउनुभएको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालय, काठमाडौँले आइतबार जनकपुरधाममा आयोजना गरेको ‘कमला नदी बेसिनको जलस्रोत व्यवस्थापनसम्बन्धी परामर्श गोष्ठी’मा नदी प्रभावित क्षेत्रका जनप्रतिनिधिलगायतले अव्यवस्थित चुरे दोहन नै मधेसमा विपद्को प्रमुख कारण भएकाले त्यसलाई आधार बनाएर तत्काल आवश्यक कदम चाल्न आग्रह गर्नुभयो ।

कार्यक्रममा मधेस प्रदेश नीति आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले अव्यवस्थित मानवीय क्रियाकलापले चुरेको परिस्थिति प्रणाली नै खलबलिएकाले मधेसमा एकपछि अर्को सङ्कट निम्ति रहेको धारणा राख्नुभयो । त्यही कारण मधेसमा पानीको सतह घट्दै गएको र बाढी, डुबानलगायत समस्याले नागरिकको जनजीवन समस्याग्रस्त रहेको उहाँले बताउनुभयो ।

“अन्नभण्डारको रूपमा रहेको मधेशमा कृषि क्षेत्र तहसनहसको अवस्थामा छ । यसमा करिब ७० प्रतिशत समस्या चुरे र महाभारत दोहनका कारण निम्तिएको हो । यस्तै अवस्था रहे आगामी १०/१५ वर्षमा मधेस मरुभूमिमा परिणत हुनेछ”, उपाध्यक्ष चौधरीले भन्नुभयो, “त्यसकारण हामी सबै चुरेकोको संरक्षणविना अन्य गतिविधि प्रभाकारी हुँदैनन् भन्नेमा प्रष्ट हुनुपर्छ । यसर्थ म चुरे संरक्षण ऐन बनाएर एकीकृत रूपमा कार्य गर्न तीनै तहका सरकार र विकास साझेदार संस्थाहरूलाई आग्रह गर्दछु ।”

आयोगका सचिव इञ्जिनीयर सुशीलचन्द्र तिवारीले नेपाल सरकारले कमला नदी बेसिनको जलस्रोत उपयोग रणनीति बनाएर नदी बेसिन तहमा जलस्रोत विकासको दीगो व्यवस्थापनका क्रियाकलाप सञ्चालन गर्न लागेको जानकारी दिनुभयो । उहाँले चुरे संरक्षण नै मधेसका नदीको नियन्त्रण र पानीको व्यवस्थापन गर्न प्रभावकारी तथा उपयुक्त उपाय हुनेमा आयोग र सम्बद्ध पक्ष स्पष्ट पार्नुभयो ।

त्यसैगरी मधेस प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोककुमार साहले कमला नदी क्षेत्रमा विभिन्न कार्यालय, आयोजना र संस्थाले काम गरिरहे पनि समन्वयात्मक अभाव देखिएकाले तीनै तहका सरकार र निकायबीच समन्वयका लागि एकीकृत संयन्त्र बनाएर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा कमला नदी प्रभावित क्षेत्रका स्थानीय जनप्रतिनिधिले स्थानीय नागरिक तथा प्रतिनिधिहरूसँग बृहत् समन्वय र समस्याको प्राथमिकीकरण गरी काम गर्न आग्रह गर्नुभयो । कमला नगरपालिका धनुषाका प्रमुख विशेश्वर यादव, गणेशमान चारनाथ नगरपालिका प्रमुख जीतनारायण यादव, सबैलाई नगरपालिका प्रमुख कारिराम यादव, कटारी नगरपालिका उदयपुरका प्रमुख राजेशचन्द्र श्रेष्ठ, दुधौली नगरपालिका सिन्धुलीका उपप्रमुख चन्द्रकिशोर थारुलगायत जनप्रतिनिधिहरूले प्रभावित क्षेत्रका सबै सरोकारवालालाई समेटेर काम गर्न छुट्टै आधिकारिक संयन्त्र बनाउनुपर्नेमा जोड्दिनुभयो ।

नेपालस्थित अस्ट्रेलियन दूतावासका विकास सहयोग प्रमुख कविथा कास्यनाथनले कमला नदी बेसिन जलस्रोत व्यवस्थापन तथा विकास रणनीतिका प्राथमिक क्षेत्रमा सहकार्य गर्न आफूहरू तयार रहेको धारणा राख्नुभयो । सिनियर डिभिज्नल इञ्जिनियर डा कपिल ज्ञवालीले प्रस्तावित कमला नदी जलस्रोत विकास रणनीति तथा कार्यक्रमबारे जानकारी दिनुभएको थियो भने जलस्रोत विज्ञ शिवकुमार शर्माले कमला नदी बेसिनको लागि जलस्रोत विकास रणनीति कार्यान्वयन कार्ययोजना (मस्यौदा) बारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

### *‘कमला बचाउ ...*

बचाउ अभियान’ को पाँचौँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा सभापति लामिछानेले यस अभियानलाई सबैले आआफ्नो तवरले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

“कमला बचाउ अभियानमा वर्षौंदेखि यहाँका स्थानीय युवा, बुद्धिजीवी लागिरहनुभएको छ । पर्यावरणीय हिसाबले भोलिको पुस्तालाई पर्नसक्ने समस्याबाट बचाउन आजै सचेत भएर यो अभियान चाल्नुभएको छ । यो आवाज केन्द्रले सुनेको छ/छैन मलाई थाहा छैन”, उहाँले भन्नुभयो, “अब यो आवाज केन्द्रसम्म लैजाने जिम्मा मेरो पार्टीले लिन्छ ।”

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

# बङ्गलादेशमा ‘हिंसात्मक’ कारवाहीमा हजारौँ मानिस पक्राउ

ढाका, ११ मङ्सिर (रासस/एएफपी) ।

बङ्गलादेश सरकारले आम निर्वाचनअघि ‘प्रतिस्पर्धा हटाउन’ का लागि विपक्षी दलहरूमाथि व्यापक र हिंसात्मक कारवाही सुरु गरेको ह्युमन राइट्स वाच (एचआरडब्लु) ले सोमबार बताएको छ । उक्त संस्थाका अनुसार कारवाहीका क्रममा करिब १० हजार कार्यकर्तालाई पक्राउ गरिएको छ ।

पक्राउ परेका हजारौँका साथै प्रमुख प्रतिपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का धेरैले पनि आरोपको सामना गर्नुपरेको छ । बिएनपीलाई उद्धृत गर्दै उसका ५० लाख सदस्यमध्ये करिब आधाले ‘राजनीतिक प्रेरित अभियोगको सामना गर्नुपरिरहेको’ एचआरडब्लुले उल्लेख गरेको छ ।

“वरिष्ठस्तरदेखि तल्लोस्तरसम्म कसैलाई नछाडी पक्राउ गरिएको छ”, बिएनपीका एक कार्यकर्ताले एचआरडब्लुलाई भने । अधिकार समूहले कारागारहरूमा अहिले क्षमताको दुई गुणाभन्दा धेरैलाई राखिएको छ ।

करिब १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशमा आगामी जनवरी ७ मा आम निर्वाचन हुँदैछ । उक्त निर्वाचनमा प्रधानमन्त्री शेख हसिनाको ध्यान सत्तामा लगातार चौथो कार्यकाल पूरा गर्नेतर्फ रहेको छ ।

बिएनपी तथा अन्य दलहरूले ठूलो स्तरमा विरोध प्रदर्शन गरेर हसिनालाई सत्ता छाड्न र स्वतन्त्र सरकारमार्फत निर्वाचनको माग गरेका छन् । सरकारले ती मागलाई असंवैधानिक भन्दै अस्वीकार गरेको छ ।

“बङ्गलादेश अधिकारीहरूले विपक्षीलाई समाप्त गर्न र आम निर्वाचनभन्दा अघि प्रतिस्पर्धा हटाउने स्पष्ट प्रयासमा राजनीतिक विरोधीहरूलाई सामूहिक पक्राउ गरिरहेका छन्”, न्युयोर्कस्थित एचआरडब्लुले भनेको छ, “यो हिंसात्मक निरङ्कुश कारवाही हो ।” अक्टोबरमा विरोध प्रदर्शन बढेपछि दुई प्रहरी अधिकारीसहित कम्तीमा १६ जनाको मृत्यु भएको र पाँच हजार पाँच सयभन्दा धेरै घाइते भएको एचआरडब्लुले बताएको छ ।

एचआरडब्लुको प्रतिवेदनमाथि सरकारका तर्फबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन तर अधिकारीहरूले पक्राउ परेकाहरूले विभिन्न हिंसात्मक अपराधका लागि न्यायको सामना गर्नुपर्ने बताएका छन् । कति मानिसलाई पक्राउ गरिएको हो भन्नेबारे प्रहरीले केही बताएको छैन । अक्टोबर २९ देखि भएको देशव्यापी हडताल र यातायात नाकाबन्दीका क्रममा विपक्षीहरूले अधिकांश बससहित करिब दुई सय ९० सवारी जलाएको प्रहरीले आरोप लगाएको छ । हिंसामा कम्तीमा छ जनाको मृत्यु भएको प्रहरीको भनाइ छ ।

धेरै प्रत्यक्षदर्शीसँगको अन्तरवार्ताका साथै भिडियो र प्रहरी रिपोर्टको विश्लेषणका आधारमा एचआरडब्लुले आफ्नो प्रतिवेदन तयार गरेको बताएको छ । “अत्यधिक बल प्रयोग, ठूलो मात्रामा मनोमानी ढङ्गले पक्राउ, जबरजस्ती बेपत्ता, यातना र गैरन्यायिक हत्याका लागि सुरक्षा बल जिम्मेदार रहेको प्रमाण प्राप्त भएको छ”, प्रतिवेदनमा भनिएको छ ।

बङ्गलादेश विश्वको सबैभन्दा ठूलो तयारी पोशाक निर्यातकर्ता मुलुकमध्येको एक हो । उसको ५५ अर्ब अमेरिकी डलरको कूल निर्यातमा तयारी पोशाकको करिब ८५ प्रतिशत योगदान रहेको छ । धेरै वैश्विक ब्रान्डहरूले बङ्गलादेशका कारखानाहरूबाट तयारी पोशाक खरिद गर्दछन् ।

“कारबाहीले आर्थिक सहयोग जोखिममा पर्छ भनेर कूटनीतिक साझेदारहरूले स्पष्ट पार्नुपर्छ”, एचआरडब्लुले भनेको छ । एचआरडब्लुको वरिष्ठ एसिया शोधकर्ता जुलिया ब्लेकनरले यस्तो अवस्थामा विश्वसनीय निर्वाचन हुन नसक्ने बताउनुभयो । “सरकारले स्वतन्त्र अभिव्यक्तिलाई दबाउने, स्वेच्छाचारी ढङ्गले पक्राउ गर्ने, जबरजस्ती बेपत्ता बनाउने, उत्पीडन र धम्कीको माध्यमबाट विपक्षी, आलोचकहरू र कार्यकर्ताहरूलाई व्यवस्थितरूपमा अक्षम बनाउँछ भने स्वतन्त्र निर्वाचन असम्भव छ”, उहाँले भन्नुभयो ।

अक्टोबरदेखि अहिलेसम्म कम्तीमा १६ हजार छ सय २५ सदस्यलाई पक्राउ गरिएको बिएनपीले आइतबार बताएको छ । तीमध्ये अधिकांश नेतृत्वलाई पक्राउ गरिएको छ । विशेषरूपमा बिएनपीका प्रमुख मिर्जा फखरुल इस्लाम आलमगिरलाई पक्राउ गरिएको छ । “बङ्गलादेशले मुलुकको इतिहासमा विपक्षीमाथि यति ठूलो कारवाही देखेको छैन”, बिएनपीका प्रवक्ता ए के एम वहिदुज्जमानले एएफपीलाई भन्नुभयो, “पूरै देशमा त्रास फैलिएको छ ।”

# गाजामा युद्धविराम मध्यस्थता प्रयास जारी

गाजा/जेरुसेलम, ११ मङ्सिर (रासस/सिन्ह्वा) ।

विद्यमान इजराइल-हमास मानवीय युद्धविरामलाई अगाडि बढाउन मध्यस्थता प्रयासलाई तीव्रता दिइएको प्यालेस्टिनी स्रोतले आइतबार बताएको छ । “विद्यमान चार दिने युद्धविराम लम्ब्याउने र दुवै पक्षबीच ठूलो मात्रामा बन्दी आदानप्रदान गर्ने उद्देश्यसहित कतार र इजिप्टले इजराइल र हमासलाई एउटा मस्यौदा सम्झौताबारे जानकारी गराएका छन्”, नाम उल्लेख नगर्ने शर्तमा प्यालेस्टिनी स्रोतले सिन्ह्वालाई भनेको छ ।

छलफलमा गाजामा ४० देखि ५० बन्दीको रिहाइ तथा मानवीय सङ्कट कम गर्नका लागि प्रभावित क्षेत्रमा मानवीय सहयोगको वृद्धिबारे कुराकानी भएको स्रोतले बताएको छ ।

हमासले कतार-इजिप्ट प्रस्तावप्रति प्रारम्भिक इच्छा देखाएको छ । आइतबार राति हमासका एक प्रतिनिधिले विज्ञप्ति जारी गर्दै भनेका छन्, “हमास युद्धविरामलाई चार दिनभन्दा अगाडि बढाउन खोजिरहेको छ, यसमा सुरुमा इजराइलसँग सहमति भएको थियो ।”

यसैबीच इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले हमासले थप बन्धकहरूलाई मुक्त गर्ने हो भने इजराइल हमाससँगको युद्धविरामलाई केही दिनका लागि बढाउन सहमत हुनसक्ने बताउनुभएको छ । एक इजराइली भिडियो वयानअनुसार अमेरिकी राष्ट्रपति जो बाइडेनसँगको टेलिफोन वार्तामा नेतान्याहुले कतारको मध्यस्थतामा भएको युद्धविराम सम्झौतामा उल्लेख भएअनुसार रिहा गरिएका प्रत्येक थप १० बन्धकका लागि एक अतिरिक्त दिनका आधारमा युद्धविरामको ‘स्वागत गर्ने’ बताउनुभयो ।

गाजापट्टीमा अस्थायी युद्धविराम आइतबार तेस्रो दिनमा प्रवेश गरेको छ । युद्धविराम सम्झौतामा इजराइली कारागारहरूबाट एक सय ५० महिला तथा बालबालिका रिहा गरेको बदलामा गाजाबाट ५० इजराइली महिला तथा किशोर बन्धकलाई मुक्त गर्ने पनि उल्लेख छ । सम्झौतापछिको चरणहरूमा रिहाइको सङ्ख्या बढाउने व्यवस्था गरिएको छ ।

# सरकारलाई गाभीले क्यान्सरविरुद्धको 'एचपिभी' खोप उपलब्ध गराउने

काठमाडौँ, ११ मङ्सिर (रासस)।
सरकारलाई भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी'ले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' उपलब्ध गराउने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत साउनको अन्तिम साता गाभीसँग खोप माग गर्दै प्रस्ताव गरेकामा उक्त प्रस्ताव स्वीकार गर्दै खोप उपलब्ध गराउने भएको हो। स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले गाभीले आफूहरुले पठाएको प्रस्ताव स्वीकृत गर्दै एचपिभी खोप उपलब्ध गराउने प्रतिबद्धता जनाएको बताउनुभयो।

महाशाखाले १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियान सञ्चालन गर्नका लागि खोप माग गरेको थियो। "हामीले माग गरिएको प्रस्तावलाई गाभीले स्वीकार गरेको कुरा हामीलाई प्राविधिकरुपमा जानकारी आएको छ", उहाँले भन्नुभयो, "अब बस्ने गाभीको बोर्ड बैठकले हामीलाई खोप उपलब्ध गराउने छ।"

गाभीसँग सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियान सञ्चालन गर्नका लागि १७ लाख मात्रा 'एचपिभी' खोप माग गर्दै प्रस्ताव पेस गरेको थियो। खोप आएपछि अभियानका सञ्चालन गरेर किशोरीलाई खोप लगाइनेछ। यसअघि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत भदौ अन्तिम साता करिब १० हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' लगाएको थियो।

महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले एचपिभी खोपले पाठेघरको मुखमा हुने क्यान्सरलाई बचाउने भएकाले देशभरिका किशोरीलाई एचपिभी खोप लगाउनका लागि खोप माग गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार खोप १० देखि १४ वर्षका किशोरीलाई लगाइनेछ। उक्त उमेर समूहका किशोरी १६ लाख ५० हजार रहेका छन्। नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने तथ्याङ्क छ। विश्वमा भने महिलालाई सबैभन्दा बढी स्तन क्यान्सर हुने गरेको तथ्याङ्क छ। सन् २०२२ को तथ्याङ्कमध्ये दुई हजार दुई सय ४४ जना महिलालाई पाठेघरको मुखमा क्यान्सरमा लागेको थियो।

उहाँले एचपिभी खोपले पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमण ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने बताउनुभयो। यसअघि सरकारले चितवन र कास्कीमा सन् २०१६/०१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमुनाका रुपमा सञ्चालन गरेको थियो। उहाँले भदौमा गरिएको खोप अभियानमा खोप लगाउनमा किशोरीमा उत्साह पाइएकाले अब समुदायस्तरमा गएर एचपिभी खोप लगाउने बताउनुभयो।

क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले नेपालमा सबैभन्दा बढी महिलालाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको बताउनुभयो। उहाँका अनुसार असुरक्षित यौनसम्पर्क, सानै उमेरमा विवाह गर्ने, धेरै चुरोट खाने महिलामा पाठेघरको मुखमा क्यान्सर लाग्ने जोखिम हुने गरेको छ। विश्वस्वास्थ्य सङ्गठनको (डब्ल्युएचओ) को तथ्याङ्कअनुसार हरेक दिन नेपालमा छ महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको छ।

# गणतन्त्रको विकल्प छैन : सभापति देउवा

चितवन, ११ मङ्सिर (रासस)।
नेपाली काङ्ग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गणतन्त्रको विकल्प नभएको बताउनुभएको छ। सोमबार भरतपुर विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै सभापति देउवाले भन्नुभयो, "गणतन्त्रको विरोध गर्नुको अर्थ छैन, बदलिने कुरा छैन।"

उहाँले गणतन्त्रको विरोध गर्नेहरुको अर्थ नरहेको बताउनुभयो। गणतन्त्र विरोधी गतिविधिबाट राजनीतिक दलहरु अत्तालिएका हुन् ? यो प्रश्नमा उहाँले भन्नुभयो, "को अत्तालियो ? हामी अत्तालिएका छैनौँ।"

वर्तमान सत्तारुढ गठबन्धन दलको सत्तासाझेदारीका विषयमा पनि सभापति देउवालाई पत्रकारहरुले प्रश्न गरेका थिए। सरकारका नेतृत्वका विषयमा भएको आलोपालोको सहमतिबारे उहाँले स्पष्ट जवाफ दिनुभएन। गठबन्धन दलको सत्ता साझेदारी कसरी हुन्छ ? यस प्रश्नमा उहाँको जवाफ थियो, "थाहा पाइहाल्नु हुन्छ नी।"

सो अवसरमा कांग्रेस नेता डा शशांक कोइरालाले राजतन्त्र फर्कने विषयमा आफूलाई विश्वास नलागेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "राजतन्त्र फर्कनेमा मलाई कमै विश्वास छ। यहाँ हरेक कुराको सम्भावना छ। संसदले चाह्यो भने जे पनि हुनसक्छ।" सरकारका कामप्रति नागरिक पूर्णरुपमा सन्तुष्ट हुन नसक्दा व्यवस्थामाथि नै प्रश्न उठेको उहाँको भनाइ थियो।

गणतन्त्र बचाउन सबै दल एक ठाउँमा उभिनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "मलाई पनि सरकारको काम त्यति सन्तोषजनक लागेको छैन। मुलुकको उन्नति र प्रगतितर्फ सरकारले ध्यान दिएन।" सङ्घीयता आवश्यक भए पनि यसको वर्तमान संरचनाप्रति भने प्रश्न उठेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "जनताका मनमा आएका व्यवस्था परिवर्तनसम्बन्धी आशङ्का हटाउन सबै दल एक ठाउँमा आउनुपर्छ।"

नारायणगढ-बुटवल सडक खण्डका विषयमा आफूले निर्माण व्यवसायीलाई १२ पटकसम्म भन्दा पनि काम हुन नसकेको तथा यस विषयमा संसदमा कुरा उठाउने उहाँले बताउनुभयो।

## एक थान पेस्तोल...

राउण्ड गोली बरामद गरिएको सशस्त्र प्रहरी बल गण नं ६ का सुचना अधिकारी डिएसपी मोहन राज विष्टले जानकारी दिए।

बरामद पेस्तोल र गोली सोमबार जिल्ला प्रहरी कार्यालय सप्तरीलाई बुझाई फरार भएका व्यक्तीबारे थप अनुसन्धान भईरहेको सशस्त्र प्रहरीले जनाएको छ।

# स्वास्थ्य बीमा प्रभावकारी कार्यान्वयनका लागि संकल्प आवश्यक : सांसद थापा

काठमाडौँ, ११ मङ्सिर (रासस)।
सांसद गगन थापाले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउनका लागि सङ्कल्प आवश्यकता रहेको बताउनुभएको छ। नेपाल चिकित्सक सङ्घद्वारा सोमबार यहाँ आयोजित 'स्वास्थ्य सेवा प्रणालीको उन्नयनका लागि स्वास्थ्य अर्थशास्त्र' विषयक अन्तरक्रियामा सांसद थापाले स्वास्थ्य बीमा असफल हुन लागेकामा चिन्ता व्यक्त गर्दै प्रभावकारी बनाउनका लागि सङ्कल्प आवश्यक रहेको बताउनुभयो।

उहाँले संविधानमा लेखेअनुसारको स्वास्थ्यसम्बन्धी हक कार्यान्वयन गराउनका लागि स्वास्थ्य बीमा कार्यक्रम ल्याइए पनि सफल हुन नसकेको बताउनुभयो। प्रधानमन्त्री तथा उच्च तहमा स्वास्थ्य बीमाबारे छलफल नहुँदा अलपत्र परेको उहाँको भनाइ छ।

हरेक नागरिकलाई स्वास्थ्यको पहुँचमा पुर्‍याउन थापा स्वास्थ्यमन्त्री हुँदा स्वास्थ्य बीमा कार्यक्रम सरकारले ल्याएको थियो। "स्वास्थ्य बीमा राजनीतिक कुरा हो। राजनीतिक दलको नेतालै मेरो नागरिकलाई संविधानमा लेखेअनुसार स्वास्थ्य सेवा पुऱ्याउँछु भन्नुपर्दछ", उहाँले भन्नुभयो, "तर प्रधानमन्त्री तथा हाम्रा राजनीतिक दलका नेताबीच स्वास्थ्य बीमाका बारेमा छलफल भएको मलाई थाहा छैन। त्यसैले स्वास्थ्य बीमा अलपत्र परेको छ।" स्वास्थ्य बीमासम्बन्धी कानुनलाई आवश्यक संशोधन गर्दै लगेर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

सांसद प्रकाश पन्थले स्वास्थ्य बीमा कार्यान्वयन गर्नसके संविधानअनुसार नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन सकिने धारणा राख्नुभयो। उहाँले स्वास्थ्य सेवा र प्रणालीमा सुधारको खाँचो रहेको उल्लेख गर्दै सामाजिक सुरक्षाका नाममा पैसा गइरहेकाले एकद्वारमार्फत स्वास्थ्यमा खर्च गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीले स्वास्थ्य मन्त्रालयलाई प्राथमिकतामा राखेर नै बजेट बनाएको बताउनुभयो। उहाँले आधारभूत स्वास्थ्य सेवा निःशुल्क र बीमालाई व्यवस्थित गर्ने कुरामा गृहकार्य भइरहेको बताउनुभयो।

स्वास्थ्य मन्त्रालयका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा कृष्णप्रसाद पौडेलले संविधानले सुनिश्चित गरेअनुसार आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपचार गराउन नसकेको बताउनुभयो। उहाँले जनशक्ति अभावले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नसकेको बताउनुभयो।

"नागरिकलाई आधारभूत स्वास्थ्य सेवा व्यवस्थित गर्न उपलब्ध गराउन नसकेका कारणले र गुणस्तरीय स्वास्थ्य सेवा दिन सकेनौँ", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा कार्यक्रम सफल हुन सकेन।"


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःवदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np